# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## १९६ औं अन्तर्राष्ट्रिय नारी दिवसको शुभकामना सन्देश

११६औं अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा बागमती प्रदेश, देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**"Right. Justice. Action. For ALL Women and Girls" (सबै महिला र बालिकाको लागि अधिकार, न्याय र कार्यसहितको अवसर)** भन्ने राष्ट्रिय नारा सहित मनाउन गईरहेको ११६औं अन्तर्राष्ट्रिय नारी दिवसले समान अधिकार, अवसर र सम्मानका लागि भएका ऐतिहासिक संघर्ष तथा उपलब्धिहरुको स्मरण गराउंदै लैङ्गिक समानता र सशक्तिकरणप्रतिको हाम्रो प्रतिवद्धतालाई अझ सुदृढ गर्ने अवसर प्रदान गर्दछ । राष्ट्र निर्माण, सुशासन, सामाजिक रुपान्तरण तथा आर्थिक समृद्धिमा महिलाहरुको योगदान अतुलनिय रहेको छ । महिलाहरुको शिक्षा, स्वास्थ्य, आर्थिक सशक्तिकरण तथा नेतृत्व विकासमा समान र प्रभावकारी सहभागिता सुनिश्चित गर्दै समावेशी तथा न्यायपूर्ण समाज निर्माणमा सबै पक्षको सहकार्य अपरिहार्य छ ।

यस अन्तर्राष्ट्रिय नारी दिवसले लैङ्गिक विभेद, हिंसा र असमानताको अन्त्य गर्दै सम्मानजनक, सुरक्षित र समान अवसरयुक्त समाज निर्माणतर्फ अग्रसर हुन हामी सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।

अन्त्यमा, पुनःसम्पूर्ण दिदीबहिनीहरुमा सुख, शान्ति, सुस्वास्थ्य र निरन्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु ।

**२०८२ साल फागुन २४ गते, आइतबार**
**ने. सं. ११४६ चिल्लागाः पञ्चमी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**